# गाउँब्लक जग्गाधनी प्रमाणपुर्जा बितरण कार्यक्रम

लहान, सिरहा
२०७६ मंसिर ११ गते

आयोजक
नापी कार्यालय लहान, सिरहा

सह आयोजक
जिल्ला भूमि अधिकार मञ्च, सिरहा

प्रतिबेदक
राष्ट्रिय भूमि अधिकार मञ्च, नेपाल

नापी कार्यालय लाहानको आयोजना र जिल्ला भूमि अधिकार मञ्च, सिरहाको सहआयोजनामा २०७६ मंसिर ११ गते औपचारिक कार्यक्रम गरि वर्षौं देखि गाउँब्लक जग्गामा बसोवास गर्दै आएका ७१९ ब्यक्ति र एक बिद्यालय सहित ७ सय २० वटा जग्गाधनी पुर्जा बितरण गरियो। लहान नगरपालिका वडा नं. १५ ढोड्नाका २ सय ९५ र २२ सिसवनीका ४ सय २५ जनाले पुर्जा पाए। पुर्जा पाउनेमा ४ सय ७२ पुरुष र २ सय ४७ महिला थिए। १ सामुदायिक बिद्यालय थियो। पुर्जा बितरण भएको जग्गा १५.३७ हेक्टर थियो। त्यसमा आधारित भई राष्ट्रिय भूमि अधिकार मञ्च, नेपालले तयार पारेको,

# कार्यक्रम प्रतिवेदन

यस भित्र :

राष्ट्रिय भूमि अधिकार मञ्च, नेपाल र यसले गरेको अभियान, गाउँब्लक जग्गा दर्ताका लागि समुदाय तहमा गरेका प्रयास र नापी कार्यालयसंगको सहकार्य, पुर्जा बितरणको प्रक्रिया, तयारीका पक्ष, जनप्रतिनीधि र सरोकारवालाको सहयोग, पुर्जा बितरणले किसानमा आएको उत्साह र पुर्जा बितरण पछि जनप्रतिनीधिको प्रतिक्रिया र गाउँब्लक जग्गा दर्ता प्रक्रिया समेट्ने प्रयास गरिएको छ।

**पृष्ठभूमि :**

राष्ट्रिय भूमि अधिकार मञ्च नेपाल, सदस्यतामा आधारित स्वतन्त्र जनसङ्गठन हो । मञ्चमा सुकुम्बासी, भूमिहीन, जोताहा मोही, मुक्त हलिया, मुक्तकमैया, कमलरी, हरवा/चरवा, कृषि श्रमिक, गरिब तथा साना किसान सङ्गठित छन ।



राष्ट्रिय निर्देशन ऐन २०१८ अनुसार दर्ता भएको यो संगठन राष्ट्रिय किसान आयोगमा आवद्द छ । मञ्चले राष्ट्रिय किसान सञ्जाल, अन्तर्राष्ट्रिय भूमि सञ्जाल (ILC), एसियाली किसान संगठन(AFA) र बिश्व ग्रामीण मञ्च(WRF) को सदस्यता प्राप्त गरेको छ।

सम्पुर्ण भूमि अधिकारबाट बञ्चितको मर्यादित र आत्मनिर्भर जीवन भूमि अधिकार मञ्चको सपना हो । भूमि अधिकारबाट बञ्चित समुदायको संगठित शक्ति, बैचारिक सक्षमता र सवालगत अभियान मार्फत सुरक्षित आवास र जिविकोपार्जनका लागि भूमि स्रोतमा स्वामित्व र पहुँच बढाउने लक्ष्य लिएको छ ।



देशभर रहेका भूमि अधिकारबाट बञ्चितहरुलाई सामाजिक आन्दोलनको रुपमा संगठित गर्ने । भूमि अधिकारबाट बञ्चित माथी हुने अधिकार हनन्का घटनाको प्रतिरोध र पिडितहरुको अधिकार संरक्षण गर्ने । भूमि अधिकारका लागि नयाँ नीति एवं कानून र भएका असल नीति एवं कानूनको प्रभावकारी कार्यान्वयनका लागि वकालत गर्ने । भूमि अधिकारबाट बञ्चित भई मञ्चमा संगठित सदस्यहरुको आधारभूत अधिकार प्राप्तीमा मद्दत गर्ने । प्राकृतिक स्रोतको संरक्षण र दीगो उपयोग, पर्यावरणीय सन्तुलन र बिपद व्यवसपनका सम्बन्धमा वकालत गर्ने आदि मञ्चको उद्देश्य रहेको छ ।

**भूमि तथा कृषि अधिकार अभियान र नमुना अभ्यास**



खाना र आवास नागरिकको मौलिक हक हो । उत्पादनका स्रोत साधनमा सबै नागरिकको समतामुलक पहुँच हुने वातावरण नबनाई खाना र आवासको ग्यारेन्टी हुन सक्दैन । यही सवालमा नीति निर्माण र कार्यान्वयनका लागि राज्यका सम्बन्धित निकायसँग सहकार्य गर्दै राष्ट्रिय भूमि अधिकार मञ्च, नेपालले सवालगत अभियानको संयोजन गरिरहेको छ । ७ प्रदेश, ५४ जिल्ला १५२ पालिका र १७९६

टोलमा तहगत संगठन निर्माण भई अधिकारमुखी अभियान र उत्पादन मूलक अभ्यास गर्दै आएका छन् । केही ठाउँमा सरकारी, गैरसरकारी संस्थाहरुसंग सहकार्य गरि नमुना अभ्यास पनि थालनी गरिएको छ ।

भूमि व्यवस्थापन, कृषि प्रबर्द्धन तथा जलवायु अनूकुलनका क्षेत्रमा नमुना अभ्यास गर्न सिरहाको धनगढीमाई नगरपालिका, उदयपुरको चौदण्डीगढी नगरपालिका र ओखलढुंगाको मोलुङ गाउँपालिकामा केएर नेपालसंग सहकार्य गरि सामुदायिक भूमि व्यवस्थापन अभ्यास भईरहेको छ । त्यसैगरि सामुदायिक आत्मनिर्भर सेवा केन्द्र, राष्ट्रिय संलग्नता रणनीति (नेस) संगकाको सहकार्यमा २६ जिल्लामा भूमि तथा कृषि अधिकार अभियान सञ्चालन भईरहेको छ । जस अर्न्तगत स्थानीय तहको भूपरिवेश अध्ययन गर्ने । त्यसका आधारमा मौलिक नीति, ऐन, कार्यबिधि, योजना बनाउन सहजीकरण गर्ने । बनेको नीति, योजना कार्यान्वयनको नमुना अभ्यास गर्ने र त्यसका असल सिकाईलाई अन्य क्षेत्रमा बिस्तर गर्ने योजना छ ।



**सामुदायिक भूमि व्यवस्थापन अभ्यास र गाउँब्लक जग्गा दर्ता अभियान :**

उद्देश्य प्राप्तीका लागि सघन काम होस भन्ने मनसायले सामुदायिक भूमि व्यवस्थापन अभ्यास सिरहा, उदयपुर र ओखलढुंगा जिल्लाको ३ पालिकामा केन्द्रित गरिएपनि मञ्चको प्रयासमा बिगतमा भएका असल अभ्यसलाई टुंगोमा पुर्‍याउन जिल्लाभरी नै वकालतका काम भईरहेको छन् । जस अर्न्तगत मोही हक बाँडफाँट, गाउँब्लक जग्गा दर्ता जस्ता कामलाई प्राथमिकतामा राखिएको छ ।



गाउँब्लक जग्गा दर्ता भूमिहीन, सकुम्बासीलाई जग्गाधनी बनाउने उपयुक्त बिकल्प हो । जहाँ मानिसहरु पुस्तौंदेखि बसेका छन् । सरकारी सेवा सुबिधा पुगेका छन् । सामाजिक मुल्य मान्यता स्थापित भएका छन् । तर त्यस्ता बस्ती एउटै कित्तामा राखेर गाउँब्लक जनाईएको छ । त्यहाँ सयौं परिवारको बसोवास छ । त्यो न बन क्षेत्र पर्छ । न सरकारी वा सार्वजनिक । बिद्यमान कानून अनुसार दर्ता गर्न मिल्ने जग्गा हो । सरकारले दर्ता प्रक्रिया पनि थाली सकेको छ ।



तथापी त्यहाँ आन्तरिक समस्याले जग्गा नापजाँज गर्न सजिलो भने छैन । वर्षौदेखि भोग चलनमा आएको जग्गा । कमाएको आधारमा घर बनेका छन । कुनै व्यवस्थित नापजाँच छैन । कित्ता छुट्याँदा पनि एउटाको घर अर्कोको कित्तामा पर्न सक्ने । एउटाको कुरा

अर्को नमान्न सक्ने कठिनाई छन् । त्यस्ता बिषयमा समझदारी कायम गर्ने र भोगचलन जनाउने प्रमाण जुटाई नापी प्रक्रियालाई सजिलो बनाउने काम भूमि अधिकार मञ्चले गर्दै आएको छ । यस्ता कामहरु सप्तरी, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा, नवलपरासी, रुपन्देही, कपिलवस्तु जिल्लामा पनि भईरहेका छन ।

**नापी कार्यालयको प्रसंशनीय भूमिका :**

गाउँब्लक जग्गा दर्ताका लागि मञ्चले धेरै जिल्लामा वकालत र सहजीकरण गरिरहेको छ । तथापी नापी कार्यालय लहानको भूमिका मञ्चका लागि बढी स्मरणीय रह्यो । जिम्मेवार ब्यक्तिको सोच र क्षमताले नै बिकास तथा समाज रुपान्तरणको आधार तय गर्छ भन्ने कुरा नापी कार्यालय लहानका प्रमुख ईन्जिनियर रबिन सिंहले देखाए । उनले नापी कार्यालयको जिम्मेवारी सम्हालेपछि प्रक्रियामा रहेका काम गरि छाड्ने प्रतिबद्धता गरे । त्यस्ता कामहरुमा गाउँब्लक पुर्जा बितरण गर्नु पनि एक थियो । जुन १० वर्ष देखि थन्किएको थियो ।



थुप्रै चुनौतीका बावजूद पनि उनले यो कामलाई अगाडी बढाए । १७ जना दरबन्दी रहेको नापी कार्यालयमा ९ जना कर्मचारी उपलब्ध छन् । गाउँब्लक जग्गा नापीका लागि ११ जना प्राबिधिकको दरबन्दी स्वीकृत भएकोमा ६ जनाले काम गरिरहेका छन् । कार्यालयमा नियमित कामको चाप पनि उत्तिकै छ । सरदरमा दैनिक ५ सय भन्दा बढीले नापी सम्बन्धि सेवा लिईरहेका छन । यस्तो अवस्थामा पनि कार्यालय प्रमुख रबिन सिंहले थोरै जनशक्तिको सहयोगमा आफु कार्यालय समयभन्दा बाहेक पनि खटेर ७ सय २० जनालाई जग्गाधनी प्रमाण पुर्जा दिलाउन मद्दत  गरे ।

**पुर्जा बितरण बारे सरोकारवालासंग परामर्श र तयारी :**

नापी कार्यालयले गाउँब्लक जग्गाधनी प्रमाणपुर्जा तयार गरेपछि राष्ट्रिय भूमि अधिकार मञ्च र लहान नगरपालिका वडा नं. १५ र २२ का अध्यक्षहरुको उपस्थितिमा तयारी बैठक भयो । बैठकले २०७६ मंसिर ११ गते कार्यक्रम गर्ने निर्णय गर्‍यो । सबैलाई पायक पर्ने गरि सरस्वती माध्यमिक बिद्यालय पशुपतिनगर लहानको प्राङ्गणमा कार्यक्रम गर्ने र सो कार्यक्रममा सिरहा जिल्लाबाट प्रतिनीधित्व गर्ने प्रतिनीधिसभा सांसद, प्रदेश सरकारका मन्त्री, सांसद र स्थानीय सरकार प्रमुख लगायत सरकारी निकायका प्रमुखहरुलाई आमन्त्रण गर्ने सहमती भयो । त्यसको लागि नापी कार्यालय लहानले पत्राचार गर्ने, अतिथिसंग भेटघाट र समन्वयको काम भूमि अधिकार मञ्चका पदाधिकारीले गर्ने, पुर्जा प्राप्त गर्ने ब्यक्तिको जानकारीका लागि वडा


लहान नगरपालिका

कार्यालयले सूचना जारी गर्ने र मञ्च व्यवस्थापन गर्न भूमि अधिकार मञ्चले जिम्मेवारी लिने निर्णय गरियो । यसै अनुरुप आ आफ्नो भूमिका निर्वाह गरि नियमित जानकारी आदान प्रदान पनि भइरह्यो । २०७६ मंसिर १० गते पुनः बैठक बसी कार्यक्रममा तालिम र पुर्जा बितरण प्रक्रिया निश्चित गरियो ।

**भेटघाट तथा बस्ती अवलोकन :**

पुर्जा बितरण कार्यक्रम तय भएपछि मञ्चको अगुवाईमा २ नं. प्रदेश सरकारका भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री शैलेन्द्र कुमार शाह, प्रतिनीधि सभा सदस्य प्रदीप गिरी र लिलाधर श्रेष्ठ, लहान नगरपालिका नगरप्रमुख मुनि साह, उपप्रमुख सरियार चौधरी र वडाध्यक्षहरुसंग छलफल, परामर्श भयो ।



साथै गाउँब्लक जग्गा दर्ता गरिएको ठाउँको पनि अवस्था अवलोकन गरि उनीहरुको समस्या र आशा बुझ्ने प्रयास गरियो । लहान नगरपालिका वडा नं. २२ को जहदी पुग्दा पहिलो भेट श्री आधारभूत बिद्यालय जहदीका प्राधानाध्यापक रामशंकर चौधरी र शिक्षिका अम्बिका कुमारी यादवसंग भयो । त्यहाँ भएको छलफल अनुसार २०१९ सालमा अस्थायी र २०२० सालमा स्थायी स्वीकृति पाएको आधारभूत बिद्यालय हो, जहदी । जहाँ बिद्यालय क्षेत्रले ओगटेको करीब ६ कट्ठा जग्गा गाउँब्लक छ ।

जहदी ठूलो गाउँ हो । त्यस गाउँमा पहिलो बिद्यालय हो, त्यो । त्यसै बिद्यालय पढेर गएका मान्छे राम्रो ठाउँमा पनि पुगे तर जग्गा गाउँब्लक नै रह्यो । पटक पटकको प्रयास सफल नभएकाले चिन्ता लिईरहेका प्रधानाध्यापक चौधरीले बिद्यालयको जग्गाको पुर्जा पाउने भने पछि निकै खुशी ब्यक्त गरे । उने भने म त डबल खुशी छु। मेरो घर पनि गाउँब्लकमा । बिद्यायलय पनि गाउँब्लकमा । दुबैको पुर्जा आउने भएपछि म डबल खुशी हुनै पर्‍यो । त्यो उनको असिमिति खुशीको अभिब्यक्ति थियो ।



बिद्यालयको छेउमै दलित र थारु बाहुल्यता भएको एउटा बस्ती छ । जहाँ सानो ठाउँमा धेरै घरहरु छन । साना कच्ची घर । शौचालय बनाउन पनि कठिन । कहाँ कस्को जग्गा हो र कसरी बनाउने भन्ने उपाय नै थिएन । नापी भएर पुर्जा आएपछि सबैले क्षेत्रफल र नक्सा किटान भएको प्रमाण पाउने भए । त्यसबाट उनीहरु खुशी थिए । त्यहाँका अगुवा भन्दै थिए, हामीलाई वडाध्यक्षले पुर्जा बितरण कार्यक्रममा जानका लागि खबर गर्नु भएको छ । जान्छौं । सानो ठाउँ भएपनि हाम्रो प्रमाण बन्छ । हामी नेपाली नागरिक हुन्छौं । हाम्रो चिन्ता दूर हुन्छ । ब्यवशाय गर्न सक्छौं । दुःख पर्दा ऋण लिन सक्छौं । छिमेकीले बिश्वास गर्छन । सरकारसंग आफ्नो योजना माग गर्न सजिलो हुन्छ ।

त्यस्तै वडा नं. १५ को बिशालनगर पुरानो बस्ती हो । त्यहाँ कहिले देखि मानिसहरुको बसोवास भएको बताउन सक्ने मान्छे भेटिएनन् । बुढापाका मान्छेलाई बुझ्दा पनि जवाफ आउँथ्यो, हामी यही जन्मेको हो । कहिले देखि बसोवास भयो, थाहा छैन । जग्गा किन नापी भएन भन्ने कुराको पनि स्पष्ट थाहा छैन । बुढापाकाले भने अनुसार नापी टोली आउँदा यहाँका टाठाबाँठाले पहिला आफ्नो जग्गा नापी गराए । पछि समय सकियो, भनेर नापी नै भएन ।



बस्ती नजिकै ठूलो खेत छ । जुन त्यहीका उपभोक्ताले कमाउँछन । त्यो आधा दर्ता, आधा ऐलानी छ । गाउँब्लक भएपनि जग्गा राम्रो छ । बसोवासका लागि उपयुक्त ठाउँ हुँदा बस्ती बढ्दै छ । गाउँब्लक भएपनि खरीद बिक्रि भईरहेको छ । ठूल्ठूला घर पनि बनीसकेका छन । सडक पुगेको छ । बत्ति पुगेको छ । बस्ती बढेसंगै जग्गाको मुल्य पनि बढीरहेको छ । चोकमा दर्ता जग्गाको मुल्य प्रति कट्ठा ६० लाख छ । सडक छेउमा गाउँब्लक जग्गाको प्रतिकट्ठा ३० लाख र बस्ती भित्र गाउँब्लक जग्गाको मुल्य प्रतिकट्ठा १० लाख छ । त्यही भएर होला, यहाँका बासिन्दा जग्गा नापी भएकोमा निकै खुशी देखिन्थे ।

**स्थानीय जनप्रतिनीधिको सक्रियता :**

गाउँब्लक जग्गा दर्ता गर्ने जिम्मेवारी नापी कार्यालयलाई छ । त्यस प्रक्रियालाई सहज बनाउने र प्रोत्साहन



दिने काममा स्थानीय जनप्रतिनीधिहरुको भूमिका महत्वपूर्ण हुन्छ । जुन कुरा लहान नगरपालिका वडा नं. १५ र २२ का वडाध्यक्ष तथा सदस्यहरुले व्यवहारिक बनाई दिए । उनीहरुले समुदायको समस्या, चाहाना बुझेका छन् र आफ्नो क्षमताले हुन सक्ने प्रयास पनि गरिरहेका छन् ।

७ सय २० जनाले जग्गाधनी प्रमाणपुर्जा पाउने कुरा सामान्य पनि थिएन । चलनचल्तीको मुल्यलाई सरदरमा हिसाव गर्ने हो भने लाखौंको सम्पत्तिको मालिक बन्दै थिए, त्यहाँका भूमिहीन परिवार । त्यसकारण जनप्रतिनीधीहरुले पुर्जा बितरण कार्यक्रमलाई उत्सवको रुपमा लिई तयारी गरे ।



नापी कार्यालयलाई आवश्यक पर्दा सघाए । समुदायमा सूचना टाँस गरि कार्यक्रमबारे जानकारी गराए । भेटघाट गरेर समुदायमा छलफल चलाए । वडा कार्यालयको समन्वयमा टेक्टर रिजर्भ गरि हजारौ. किसानलाई कार्यक्रममा सहभागी गराए । अतिथिहरुलाई स्वागत गरे । वडा नं. १५ का अध्यक्ष तेजनारायाण चौधरी र सदस्य राम कुमारी महराले सहभागिहरुलाई कार्यक्रम समापन पश्चात सोही ठाउँमा भुजा चिउराको ब्यवस्था गरि सहभागिलाई खुवाए ।



सामुहिक तस्बीर खिचाउँदै भने, जनता मेरा भगवान हुन । मैले आज सेवा गर्ने मौका पाएको छु र गर्छु । वडा नं. २२ का अध्यक्ष बिन्देश्वर यादवले आफ्नो वडा कार्यालयमा नै जग्गाधनी पुर्जा बितरण गर्ने योजना बनाई सुचना गरे ।

**कलाकारको सहयोग :**



गाउँब्लक जग्गाधनी पुर्जा बितरण कार्यक्रम सञ्चालनका लागि सञ्चारकर्मी तथा कलाकार गुरुशरण सदा आएका थिए । साथै कलाकार शान्ति सदा पनि । उनीहरुको उपस्थितिले कार्यक्रमको प्रभावकारीता त बढायो नै । सन्दशेमूलक गीतबाट न्याय, समानता र अधिकारका बिषय पनि रोचक ढंगले प्रस्तुत भए । गुरुशरण सदा र शान्ति सदाले गाएको एउटा देशभक्ति गीत ,

हिमाल पहाड घर मेरो, तराई हो आँगन
सगरमाथा शिर मेरो चुम्न खोज्छ गगन
हिमााल पहाड ................

हिमालको काखमा लालीगुराँस फुल्छ
पहाडको फेदमुनी डाँफे मुनाल नाच्छ
हेरीहेरी नेपालीलाई सगरमाथा हाँस्छ
हिमाल पहाड .............

सिता र बुद्धको जन्मभूमि नेपाल
ऋषी, महिर्षीको तपोबन नेपाल
शान्तिको दियो बाल्ने आँट हाम्रो विशाल
ज्ञानको ज्योती छर्ने आँट हाम्रो विशाल
सुन्दर शान्त यो प्यारो देश नेपाल
हिमाल पहाड ..............

बिरताको गाथा रच्ने वीर हामी गोर्खाली
साध सिमाना मेची र महाकाली
सूर्य चन्द्र ध्वजामुनी बस्ने हामी नेपाली
को भन्छ र मधेसी, पहाडी र नेपाली
हिमाल पहाड ................

**मौलिक तरिकाको स्वागत :**

सामान्यतया कार्यक्रमहरुमा मन्तब्य वा गीतबाट स्वागत गर्ने चलन छ। तर यहाँ केही सिर्जनशीलता र



मौलिक तरिकाले अतिथिहरुलाई स्वागत गरियो। लहान नगरपालिका वडा नं. १५ र २२ बाट सहभागी हुन आएका महिलाहरुले स्वागतका लागि पुतली (कलात्मक ढंगले बुनेका धानको बालाको माला) बनाएर ल्याएका थिए । मञ्चमा रहेका अतिथिहरुलाई उनीहरुले त्यही पुतली लगाई दिएर स्वागत गरे । त्यसले स्वागत प्रक्रियामा रोचकता थप्नुका साथै भावनात्मक सम्बन्ध पनि झल्काई रहेको थियो । अतिथिहरुमा पनि किसानप्रतिको स्नेह बढाएको महसुस हुन्थ्यो । उनीहरुले आ-आफ्नो धारणा राख्दा किसान, भूमिहीन सकुम्बासी, दलित, महिला, बिपन्न वर्गको पक्षमा सक्दो पहल गर्ने बताएका थिए।

**पुर्जा बितरण प्रक्रिया र त्यसले दिएको खुशी :**



औपचारिक कार्यक्रममै ७ सय २० जनालाई पुर्जा बितरण गर्न सम्भव थिएन। त्यसैले अतिथिहरुबाट ५१ जनालाई पुर्जा बितरण गरि शुरुवात गर्ने र बाँकी रहेका पुर्जा वडा कार्यालयमा कार्यक्रम आयोजना गरि बितरण गर्ने योजना बनेको थियो । त्यस अनुसार मञ्चमै पुर्जा दिनुपर्ने ब्यक्ति छनौट गरि दिन नापी कार्यालयले वडा अध्यक्षहरुलाई जिम्मेवारी दिएको थियो । दुबै वडाबाट ५१ जना हुने गरि सूची आयो ।

जसमा महिला, दलित, बिपन्न र पाको उमेरका थिए ।




यो प्रक्रिया पनि आफैमा सन्देशमूलक र न्यायमूलक थियो । अशक्त अवस्थामा पुगीसकेका बृद्धबृद्धा, महिला र बिपन्नले जग्गाको प्रमाण पाउँदा ब्यक्त गर्ने खुशी त्यहाँ सार्वजनिक भईरहेको थियो । आफ्नो उमेरको दुई तिहाई समय पुर्जा पाउने आशमा बिताएका ब्यक्तिहरु हातमा रातो पुर्जा देख्दा कोही हंसिलो देखिन्थे



भने कोही भावुक पनि हुन्थे ।

कोही पुर्जा देखाई नाचेको पनि थिए । पुर्जा पाएका ब्यक्तिले पटक पटक आफ्नो पुर्जा हेरीरहेका थिए । त्यसो गर्नुको कारण जग्गाको क्षेत्रफल हेरेको हैन, पहिलो पटक पुर्जा समात्नुको खुशी र कोतुहलता थियो ।

**राम्रो कामको सम्मान :**



नापी कार्यालय लहानले ठूलो संख्यामा एकैपटक जग्गाधनी प्रमाणपुर्जा बितरण गरेर नमुना काम देखायो । थोरै जनशक्तिले यो काम सम्पन्न गरेका थिए । नापजाँचका क्रममा हुने बिवाद, गुनासो अर्को झन्झट थियो । करारमा नियुक्त गरिएका प्राबिधिकले समयमै पारिश्रमिक पाउने अवस्था थिएन । त्यस्तो अवस्थामा पनि आफ्नो जिम्मेवारी पूरा गरि लक्ष्य हासिल गर्न सफल भएकोमा नापी टोलीप्रमुख विरेन्द्र चौधरी र प्रभुनारायण सरदारलाई सम्मान गरियो । दुबै जनालाई कार्यक्रममका प्रमुख अतिथि एवं २ नं. प्रदेशका भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री शैलेन्द्रकुमार साहले प्रमाण पत्र सहित दोसल्ला ओढाई सम्मान गर्नु भएको थियो ।

## अतिथिहरुको मन्तब्य

### श्री सरस्वती सुब्बा-अध्यक्ष, राष्ट्रिय भूमि अधिकार मञ्च, नेपाल



जमिनको सम्बन्ध जीवनसित छ । यो समृद्धिको प्रमुख अधार हो । यसो हुँदा पनि वर्षौंदेखि बसोबास गरेको जमिनको प्रमाण छैन । आज लहान नगरपालिका वडा नं. १५ र २२ वडाका ७२० परिवारले लालपूर्जा पाउँदैछन । त्यसकारण आजको दिन जमिनमा श्रम गर्ने र गरिबहरुको लागि उत्सव हो । जब मान्छेसँग पुर्जा हुन्छ, उसले पेटभरी खान पाउँछ । बिरामी पर्दा उपचार पाउँछ । खेती नगर्नेहरुलाई पनि उत्पादन गरेर खुवाउन सक्छ । सामाजिक, आर्थिक र राजनीतिक हिसाबले अगाडी बढ्ने अवसर पाउँछ । डाक्टर, ईन्जिनियर, वकिल, समाजसेबी पनि हुन सक्ने क्षमता राख्छ । त्यसकारण हामी भूमि अधिकारका कुरा गरिरहेका छौं ।

जमिनको न्यायिक बितरण र सही ब्यवस्थापन नहुँदा लाखौं नागरिक असमानता, बिभेद, शोषण खेप्न बाध्य छन् । वार्षौंदेखि भोग चलन गरेको ठाउँबाट उठीवास भईरहेकोछ । अतिक्रमणकारी नामबाट चिनिन बाध्य छौं । नागरिकले पाउने सेवा सुबिधाबाट बञ्चित गराईन्छ । त्यसकारण जमिनको प्रमाण पाउनु भनेको जीवनलाई मर्यादित बनाउनु हो । आत्मनिर्भर बनाउनु हो ।

आज जग्गाधनी प्रमाणपुर्जा प्राप्त गर्नुहुने सबैलाई बधाई दिन चाहन्छु । यस कामको अगुवाई गर्ने नापी कार्यालय लहानको भूमिका प्रसंशनीय छ । सफलतापूर्वक समन्वयात्मक भूमिका निर्वाह गर्नु भएकोमा जिल्ला भूमि अधिकार मञ्च, सिरहाको अध्यक्ष, संयोजक लगायत पदाधिकारी, अगुवा, कार्यकर्ताहरुलाई धन्यवाद दिन चाहन्छु ।

सरकारले समृद्धिको नारा अघि सारेको छ । यसको मूल आधार जमिन हो । त्यसकारण भूमिहिन, सुकुम्बासी, हरवाचरवा, हलिया, कमैयाले जमिन पाउने अवस्था सिर्जना गरौं । ऐलानी, गाउँब्लक, गुठी, बिर्ता जस्ता जग्गाको समस्या समाधान गर्दै हरेक नागरिकलाई समृद्धिको अभियानमा सहयोगी हुने वातावरण सिर्जना गरौं ।

त्यसले मानिसलाई समृद्ध बनाउँछ । स्वतन्त्र बनाउँछ । जग्गाधनी पुर्जा ब्यक्तिको पहिचान, जिविका र स्वाभिमानको आधार भएकाले आज पुर्जा पाउनु हुने सबैलाई बधाई । नापी कार्यालयलाई धन्यवाद । आगामी दिनमा पनि यस्तै उत्साहका साथ भूमिहीन, सकुम्बासी, दलित, महिलाहरुले जग्गा पाउने वातावरण बनोस । शुभकामना दिन चाहन्छु ।

### श्री हरिनारायण चौधरी - नगरप्रमुख, धनगढीमाई नगरपालिका सिरहा




आज वर्षैदेखि भोग गरेको जग्गाको लालपूर्जा पाउँदै हुनुहुन्छ । हाम्रा दाजुभाई, दिदीबहिनी एवं आफन्तहरु जग्गाको मालिक बन्दै हुनुहुन्छ । सबैलाई हार्दिक बधाई तथा शुभकामना दिन चहान्छु । धेरैको बलिदानीपछि हामीले स्थानीय, प्रदेश र संघिय सरकारको रुपमा तीन तहको सरकार पाएका छौं । हामी पुरानो होईन, नयाँ अवस्थामा छौं । नेपाल सरकारले भूमि नभएकालाई भूमि दिने प्रतिवद्धता गरेको छ । अहिले संबैधानिक रुपमा गास, बास, कपासको ग्यारेण्टी गरिएको छ । त्यसै कामको अंशका रुपमा गाउँव्लकबासीलाई पुर्जा बितरण गरिदैछ । महत्वपूर्ण कार्यका लागि यस प्रक्रियामा संलग्न सबैलाई धन्यवाद दिन चाहन्छु ।

### श्री मुनी साह-नगरप्रमुख, लहान नगरपालिका सिरहा




आज हर्सोल्लासको दिन । कार्यक्रममा उपस्थित हुनु भएका सबैलाई लहान नगरीमा स्वागत गर्न चाहन्छु । भूमिहीन पक्षमा निरन्तर वकालत गर्दै आएको संगठन भूमि अधिकार मञ्चका मित्रहरुलाई धन्यवाद ।

माननिय मन्त्रीज्युको प्रमुख आतिथ्यमा लहान १५ र २२ का गाउँब्लक बासीलाई पुर्जा बितरण गर्दैछौं । २४ वटै वडामा यो समस्या छ । सबैले पुर्जा पाउनुपर्छ भन्ने हाम्रो चाहना छ ।

संविधान अनुसार तीनै तहका सरकारले नागरिकलाई गास, वास, कपासको ग्यारेन्टी गर्नुपर्छ । जुन मौलिक हक हो । सुखी नेपाली, समृद्ध नेपाल सरकारको नारा छ । त्यसकै एउटा अंश आजको कार्यक्रम भएकाले पुर्जा पाउने सबैलाई बधाई ।

माननीय मन्त्रीज्यूलाई अवगत गराउन चहान्छु, नगरका सबै वडामा भूमि समस्या छ । थुप्रै ठाउँमा काम पनि भईरहेका छन् । नापी कार्यालयले धेरैलाई लालपूर्जा दिएको छ । तर मालपोत कार्यालयले अद्यावधिक गरेको छैन । अव भूमि समस्या सदाका लागि समाधान हुने गरि काम गर्नुपर्छ । भूमिसुधार सम्बन्धि थुप्रै अधिकार प्रदेश सरकारमा छ । दृढसंकल्प गरेर सबैको हातमा पुर्जा दिने गरि काम थालनी हुनुपर्छ । यो बिषयमा मन्त्रीज्यू पनि लाग्नु भएको हामीले महसुस गरेका छौं ।

लहान नगरपालिकामा बहाल बिटौरी करको सवालमा केही अन्यौलमा छ । त्यसलाई समाधान गर्ने प्रयासमा छौं । लहान नगरपालिका भूमिहिन र सिमान्तकृत समुदायलाई भूमि लगायत आधारभूत बस्तु उपलब्ध गराई गास, वास कपासको प्रबन्ध गर्न प्रतिवद्धत छ ।

**माननीय श्री शैलेन्द्र कुमार साह-मन्त्री, भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय प्रदेश नं. २**



आज ऐतिहासिक कार्यक्रम । जुन नागरिकको आफ्नो भूमि हुँदैन, त्यो कति पीडामा हुन्छ भन्ने कुरा हामी सबैले बुझेका छौं । सबैलाई आफ्नो घर आवश्यक हुन्छ । त्यो नहुँदाको दु:ख हामीले भोगेका छौं । ७ सय २० जनाले सम्पतिको रुपमा लालपूर्जा प्राप्त गर्नु भएको छ । यसका लागि नापी कार्यालय लहान र राष्ट्रिय भूमि अधिकार मञ्चले खेलेको भूमिका महत्वपूर्ण छ । म धन्यवाद दिन चाहन्छु ।

प्रदेश २ सरकार भूमिहीन किसानको हितमा काम गर्छ । हामी छिट्टै भूमि ऐन निर्माण गर्दैछौं । भूमि बैंक स्थापना गर्छौं । र यस प्रदेशभित्र रहेका सबै सरकारी सार्वजनिक, ब्लक जग्गा एकत्रित गरि आफ्नो स्वामित्वमा जमिन नभएका परिवारलाई उपलब्ध गराउँछौं ।

प्रदेश नं. २, सबैभन्दा बढी भूमिहीन भएको प्रदेश हो । त्यसमा पनि दलितहरु बढी भूमिहीन छन् । यस प्रदेशका ८ जिल्लाका ९० प्रतिशत मानिस कृषिमा निर्भर छन् । यहाँको मुख्य आम्दानीको स्रोत कृषि हो । कृषि हामी सबैको साझा समस्या हो । उन्नत विउ, सिंचाई, मल, प्रविधिको व्यवस्था गरेर बैज्ञानिक प्रणालीबाट व्यवसायिक खेती गर्ने बिषयमा प्रदेश सरकारको भूमिका रहनेछ ।

तुलनात्मक रुपमा हेर्दा सिंचाई पहिलो समस्या हो । यहाँको २७ प्रतिशत खेतीयोग्य जग्गामा मात्र सिंचाई सुबिधा पुगेको छ । बाँकी आकासको भरमा खेती हुन्छ । त्यसैले प्रदेश सरकार दीर्घकालिन, मध्यकालिन र अल्पकालिन योजना बनाएर अगाडी बढेको छ । कोशी, कमला डाईभर्शनका लागि संघिय सरकारसंग समन्वय गर्दैछौं । जुन दीर्घकालीन योजना हो । स्थानीय तहमा बाह्रै महिना पानी बग्ने नदीनाला पहिचान गरि सिंचाई सेवा बिस्तार गर्ने कुरालाई मध्यकालीन योजना बनाईरहेका छौं । अल्पकालिन योजनामा भूमिगत जलबाट सिंचाईका लागि डिपबोरिङ्गको योजना गरिएको छ । एउटा डिपबोरिङ्गले ६० बिघासम्म सिंचाई गर्न सकिन्छ । एक दुई बिघासम्मको जग्गामा सिंचाई गर्नको लागि ५००० स्यालो ट्युबेलको योजना बनेको छ ।

प्रदेश सरकारले **"हर खेतमा पानी, हर हातमा रोजगारी"** भन्ने नीति लिएको छ । यसको मूल उद्देश्य युवाहरुलाई कृषिमा आकर्षित गर्नु, उत्पादन बढाउनु र रोजगारी सिर्जना गर्नु हो । मलखाद प्रयाप्त नपाउनु अर्को समस्या हो । हाम्रो देशलाई वर्षमा करिब ७ लाख मेट्रीक टन मल आवश्यक छ । तर करिब ३ लाख टन मात्र आपुर्ति भईरहेको छ । किसानले भारतबाट एक एक बोरा ल्याउनु पर्ने बाध्यता छ । प्रदेश सरकार सहज रुपमा मल उपलब्ध गराउन संघिय सरकारसंग समन्वय गरिरहेको छ । चाँडै नै हामी मल आपुर्तिमा सहज ल्याउन सफल हुनेछौं ।

हामीले २ नं. प्रदेशलाई अर्गानिक प्रदेश बनाउने नीति पनि अघि बढाएका छौं । त्यसैले ३ वटा अर्गानिक मल कारखाना प्रदेश सरकारले बनाउँदैछ । जसले गर्दा मलको आपुर्ति सहज हुनेछ । स्वस्थ्य खाना प्राप्त हुनेछ । स्वास्थ्य अवस्थामा सकारात्मक प्रभाव पर्नेछ ।

अर्गानिक प्रदेश निर्माणका लागि क्रमशः अर्गानिक पालिका घोषणा गरिनेछ । त्यस्ता पालिकालाई सरकारको विशेष सहयोग पनि हुनेछ । उन्नत विउविजनको लागि प्रदेश सरकारले विउ उत्पादन गर्ने निकायहरुलाई सहयोग गर्ने योजना बनाएको छ ।

प्रदेश सरकारले भूमिहिन, मझौला तथा ठुला उद्यमी किसानहरुलाई समेत सहयोग हुने गरि मुख्यमन्त्री किसान उत्थान कार्यक्रम ल्याएको छ । परिचय पत्रको माध्यमबाट २ महिना भित्र १ देखि १० कठ्ठासम्मको जग्गामा खेती गर्ने किसानको नाममा खाता खोलिनेछ । त्यो खातामा प्रदेश सरकारले १० हजार सहयोग उपलब्ध गराउनेछ । विउ, मल किन्नका लागि किसानले ऋण लिन नपरोस् भनेर त्यो पैसा दिन थालिएको हो ।

युवा लक्षित कृषि कार्यक्रम छ । ब्यवशायिक खेती गर्न चाहने युवालाई त्यस कार्यक्रम मार्फत बिना व्याज ऋण उपलब्ध गराईन्छ । आलु खेती गर्न चाहने किसनाले ऋण लिएमा आलु बिक्रि गरेर ऋण भुक्तानी गर्नु पर्ने, ब्याज नलाग्ने ब्यवस्था छ ।

लहान ऐतिहासिक ठाउँ हो । रमेश महतो जस्ता महान ब्यक्ति शहिद यही ठाउँका हुन् । अहिलेको ब्यवस्था ल्याउन शहिदहरुको बलिदानी र जनताको योगदानको कदर गर्दै प्रदेश सरकार अगाडी बढ्नेछ । सबै भूमिहीन, सुकुम्बासीले आफु बसेको ठाउँको स्वामित्व पाउनेछन् । देशमा कोही पनि भूमिहीन रहने छैन भन्ने नेपाल सरकारको योजना छ । यो प्रदेशमा पनि कोही भूमिहीन रहने छैनन् भन्ने प्रतिबद्धताका साथै आजको ऐतिहासिक दिनमा सबैलाई धन्यवाद दिन चाहन्छु ।

### ई. श्री रबिन सिंह - कार्यालय प्रमुख, नापी कार्यालय लहान सिरहा



नापनक्साका लागि अधिकार पाएका  कार्यालय मध्ये नापी कार्यालय लहान माननीय मन्त्रीज्यूको प्रमुख आतिथ्यमा गाउँब्लक जग्गाको पुर्जा बितरण गर्न सफल भएको छ । यस कार्यलाई हामीले ऐतिहासिक क्षणको रुपमा लिएका छौं ।

विभिन्न समस्या सहेर थुप्रै चुनौतीका बावजुद भोगचलन भएको जग्गामा नागरिकको स्वामित्व कायम गर्न सफल भएका छौं । यसका लागि गाउँब्लक नापनक्सा शाखामा कार्यरत टोली प्रमुख तथा प्राबिधिक साथीहरुलाई धन्यवाद । मन्त्रीज्यूको हातबाट पुर्जा पाउनु हुने सबैलाई बधाई दिन चाहन्छु । आज पाउन नसकेका ब्यक्तिहरुले सम्बन्धित वडाका अध्यक्षहरुसंग समन्वय गरि पुर्जा पाउनु हुने कुरा पनि जानकारी गराउन चाहन्छु ।

नापनक्सा बाहेक जग्गाको नक्सा दर्ता, कित्ताकाट, नक्सासुधार, संशोधन गर्ने काम सम्पन्न गरि पुर्जा बितरण गरिएको हो । अहिले पुर्जा पाउने ब्यक्तिले कानून बमोजिम तत्काल धितो राख्न मिल्दैन । यसको

६० दिने म्याद हुन्छ । त्यसपछि यि जग्गाहरुको लगत स्रेस्ता मालपोत कार्यालयमा हस्तान्तरण गर्ने छौं । वडाअध्यक्ष, जनप्रतिनीधि र नगरप्रमुखहरुसंग समन्वय गरेर ती पूर्जाहरुको स्रेस्ता कायम गर्न पहल हुनेछ ।

बहाल बिटौरी करको बिषयमा पहल भैरहेको र संघिय मन्त्रालयमा यो बिषय बिचाराधीनमा रहेको जानकारी गराउन चाहन्छु । मन्त्रीज्यूले प्रदेश सरकारसंग जनतालाई राहत दिने खालका योजना रहेको जानकारी गराउनु भएको छ । खुशीको बिषय हो ।

यहाँको भूमि समस्या समाधानका बिषयमा म के अनुरोध गर्दछु भने प्रदेश २ धेरै जनघनत्व भएको प्रदेश हो । जग्गा कारोबार बढी नै हुन्छ । त्यस अनुसारको कर्मचारी संख्या उपलब्ध छैन । प्रदेश सरकारबाट केही थान कम्प्युटर, प्रिन्टर उपलब्ध हुँदा प्रशासनिक सुधारका लागि राम्रो शुरुवात भएको छ । सेवा छिटो दिन थालेका छौं ।

साविकका ७ वटा गाविस बाहेक सबैको डाटा कम्प्युटरमा राखी सकिएको छ । कुपन सिष्टमको लागि पहल हुँदैछ । फराकिलो ठाउँमा कार्यालय स्थापना गरि सुविधाजनक ढंगले सेवा दिने सोचाईमा छौं । दर्ता छुटेकाहरुले नापी कार्यालयमा टोली प्रमुखसंग भेटी दर्ता प्रक्रियामा जान अनुरोध गर्दछु । यस कार्यक्रमका लागि अतिथिहरुले समय दिनु भएकोमा अभार व्यक्त गर्दछु । जिल्ला भूमि अधिकार मञ्चका संयोजक अरुण सदाले यो कार्यक्रमलाई ऐतिहासिक बनाउन खेल्नु भएको भूमिकाको लागि हार्दिक धन्यवाद दिन चाहन्छु ।

# पुर्जा पाउनेहरुको अनुभूति :

७० वर्ष पुगेपछि जीवनमा खुशी महसुस गरेको छु । दूईटा छोरी छन् । बिवाह भैसक्यो । अहिले जेठी छोरी आशा चौधरीले सघाईरहेकी छिन् । घर गाउँब्लक जग्गामा थियो । बुढेशकालमा त्यसको पुर्जा पाएपछि कानूनले मलाई बलियो बनाएको छ । भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री शैलेन्द्र कुमार शाहको हातबाट पुर्जा पाउँदा मन हर्षित भएको छ ।

-झौली चौधरी : लहान नगरपालिका २२ जहदी

आफु बसेका ठाउँ कहिलेदेखि भोगचलनमा आयो, कहिलेदेखी हामी यहाँ बस्यौं भन्ने मलाई थाहा छैन । तर त्यो जग्गा गाउँब्लक हो भन्ने थाहा थियो । यसको अधिकार पाउन भूमि अधिकार मञ्चमा संगठित भयौं । त्यसका लागि नारा, जुलुस गर्‍यौं । धर्ना बस्यौं । आन्दोलन कोष उठाएर कार्यक्रम गर्‍यौं । लामो समय यसरी अभियानमा हिंडीरहँदा आफैलाई पनि दुःख महसुस हुन्थ्यो । गाउँका मान्छेले पनि आन्दोलन गरेर के पायौं ? भनी प्रश्न गर्थे । जव गाउँब्लक जग्गाको पुर्जा पाईयो, हामी सबै खुशी छौं । जहदी टोलमा भूमि अधिकार अभियानको अगुवाई गर्दा मलाई प्रश्न गर्नेहरु अहिले मान्छे सानो बुद्धी ठूलो भनेर प्रशंसा गर्छन ।

-पञ्ची चौधरी : लहान नगरपालिका २२ जहदी

आठ धुर जग्गामा सानो घर । ८ जनाको परिवार छ । बाजे ससुराको पालादेखि बसेको ठाउँ । आफ्नो भन्ने महसुस हुँदैनथ्यो । गाउँब्लक जग्गा, कसैले आफ्नो भनी हामीलाई हटाउने पो हुन कि, भन्ने डर हुन्थ्यो । ६५ वर्ष भए, यो ठाउँ आफ्नो नहुँदा छोराछोरीको के हालत होला ? भन्ने चिन्ता थियो । पुर्जा पाईसकेपछि सुरक्षित भएको महसुस हुन्छ ।

-अमरवती दाश, लहान नगरपालिका १५ आशुपुर

**स्थानीय जनप्रतिनीधिको प्रतिक्रिया :**

तेजनारायण चौधरी : वडाध्यक्ष, लहान नगरपालिका १५
रामकुमारी महरा : सदस्य. लहान नगरपालिका १५

अधिकाँश जनप्रतिनीधि मध्यम बर्गिय किसान छौं । थारु समुदायको बाहुल्यता भएको वडा हो । त्यसपछिको ठूलो जनसंख्या दलितको छ । वडा सदस्य एक जना क्षेत्री समुदायबाट पनि निर्वाचित हुनु भएको छ । टीम समावेशी छ । सामाजिक क्षेत्रमा काम गरेका अनुभव छ । त्यसले गर्दा काम गर्न सहज भएको छ ।



बिपन्न समुदायको पक्षमा काम गर्दा केही न केही अवरोध त आउँछन नै । तथापी हामी कमजोर वर्गलाई सहुलियत हुने काम गरिरहेका छौं । दलितहरुलाई सेवा शुल्कमा ५० प्रतिशल छुट दिईएको छ । भूमिहीन, सुकुम्बासी बस्ती पहिचान गरि जोतभोगको प्रमाण दिईएको छ । वडा तहमैसाना उद्योग स्थापना गरि ५ सय जनालाई रोजगारी दिने सोच छ । ३२ वटा उद्योग दर्ता भईसकेका छन । कुनै पनि बिद्यालयले दलित बिद्यार्थीबाट शुल्क लिन नपाउने गरि सूचना गरिएको छ ।

मेनर्हवा स्थित मुसहर बस्तीमा पानी, बिजुली पुर्याईएको छ । उनीहरु १५ वर्ष पहिला साबिकको ढोड्ना गाबिस ३ बाट त्यहाँ आएका थिए । खाने बस्ने बिकल्प नभएका मुसहर झाडी भएको ठाउँमा टहरा बनाई बसेका हुन । तर उनीहरुलाई त्यहाँबाट हटाउन निकै प्रयास भयो । धम्की पनि आए । वडाध्यक्ष आफैले मुसहरको पक्षमा अगुवाई गरेपछि धम्की दिन छाडे । अहिले त्यहाँ पानी, बिजुली पुगेको छ । दिनमा काम गर्दा अवरोध हुन थालेपछि रातारात बिजुलीका पोल राखिएको थियो । ३२ वटा बिधुत मिटर निःशुल्क उपलब्ध गराईएको छ । सबै ज्यालादारी गर्ने परिवार छन् । दैनिक ज्याला ३ सयबाट बढाएर ५ सय बनाईएको छ ।

वडा कार्यालयबाट ४ घण्टाको पैदल दुरीमा रहेको बेथा गाउँमा तामाङ्ग र राईको बस्ती छ । ८४ परिवार छन् । त्यहाँ एक घर एक खाता अभियान चलाईएको छ । यसका लागि मेघा बैंकका कर्मचारी गाउँमै आएर सहयोग गरिरहेका छन् ।

गाउँब्लक जग्गामा बसोवास गरेका परिवारको सो जग्गामा हक कायम गराउने, सबै परिवारको सामुदायिक बनमा पहुँच पुर्याउने र अरुको जग्गा स्याहार गरि बसेका तर जग्गाधनीबाट पिडा भोगीरहेका परिवारलाई न्याय दिलाउने बिषयमा सोचीरहेका छौं । भूमि अधिकार मञ्चले पनि हाम्रो ठाउँमा काम गरि दिए, हामी खुला दिलले सहकार्य गर्न तयार छौं ।

**श्री मुनि साह : नगरप्रमुख, लहान नगरपालिका सिरहा**



टाढा टाढाबाट मेरो ठाउँमा आई भूमि समस्या उठाउनु भयो र समाधानमा पनि सहयोग गर्नु भयो। यसका लागि भूमि अधिकार मञ्चलाई धन्यवाद दिन चाहन्छु । मञ्चको जिल्ला संयोजक अरुण सदालाई मेलै राम्ररी चिनेको छु । तपाई आफ्नो समुदायबाट राम्रो हैसियतमा आउनु भएको छ । त्यसलाई कायम राख्न सक्नु होला। मुसहर धर्तिपुत्र हुन । उनीहरुको पक्षमा गर्न सकिने योजना ल्याएमा नगरपालिका मञ्चसंग सहकार्य गर्न सधैं तत्पर छ।

हामी भूमिहीनलाई व्यवस्थित गर्दै जाने सोचमा छौं । भूमिहिनलाई कसरी व्यवस्थापन गर्ने, तपाईंहरुको पनि सल्लाह सूझावको आशा छ। मध्यमार्गी बाटो अपनाएर भूमिहीन सुकुम्बासीको व्यवस्थापन गर्नुपर्छ।

केही अप्ठ्यारो पनि छ। द्वन्द्वकालमा बाटो छेउमा बसेका बस्ती व्यवस्थापन गर्नका लागि छलफल गर्‍यौं। बाटोको छेउमा १० मिटर छोडेर घर बनाउने कुरामा सहमति भए । पछि कसैले उस्काईदिए, हामी मान्दैनौं भन्नथाले। त्यहाँ केही राजनीति भएको थियो।

हामी स्पष्ट छौं कि, कसैलाई बसीरहेका ठाउँबाट हटाउनु परेमा विकल्प दिनु पर्छ। विकल्प दिने कुरामा म प्रतिवद्ध छु। अहिले वडा नं. ५ र ११ मा १२ परिवार मुसहरहरुको लागि घर बनाईरहेका छौं। यो काम बढ्दै जान्छ। क्रमशः गरिबहरुका घरहरु बनाउँदै जान्छौं । जनता आवास भन्दा यो फरक योजना हो। नगरपालिका र भूमि अधिकार मञ्चसंगै मिलेर के गर्न सकिन्छ। सहकार्य गरौं।

**गाउँब्लक जग्गा दर्ता प्रक्रियाबारे नापी कार्यालय लहानका प्रमुख ई. श्री रबिन सिंहसंगको कुराकानी :**

**१. गाउँब्लक जग्गा भनेका कस्तो जग्गा हो ?**

बि.सं. २०२२ देखि २०२९/३० सालको अवधीमा सरपट नापी हुँदा बिभिन्न कारणले थुप्रै कित्ताहरु दर्ता हुन सकेनन । बिगत देखि नै घरबस्ती भएका तर सम्बन्धित व्यक्तिको नाममा दर्ता गर्न नसकिएका कित्ताहरुलाई एउटै कित्तामा राखियो र त्यसलाई ब्लक भनियो । त्यो जग्गा नै गाउँब्लक जग्गा हो ।

**२. गाउँब्लक जग्गा दर्ताका लागि के कस्तो प्रक्रिया छ ?**

जग्गा नापजाँच ऐन २०१९ र जग्गा नापजाँच नियमावली २०५८ को आधारमा गाउँब्लक जग्गा दर्ता गरिन्छ। त्यसका लागि निम्न प्रक्रिया अपनाईन्छ।

**सूचना प्रकाशन** : नापी कार्यालयको अभिलेखमा गाउँ लेखिएका कित्ता पत्ता लगाई नापी कार्यालयले कुन ठाउँमा कहिले देखि नापी हुँदैछ, भन्ने ब्यहोराको १५ दिने सूचना प्रकाशन गर्छ । वडा कार्यालयसंग समन्वय गरि सूचना प्रकाशन पश्चात नापी कार्य शुरु गरिन्छ ।

**जग्गा दर्ताका नियमित काम** : नापजाँच गरिसकेपछि नापी कार्यालयले जग्गा दर्ताका लागि गर्नु पर्ने नियमित काम कित्ता छुट्याउने, फिल्डबुक भर्ने, क्षेत्रफल निकाल्ने, नक्सा तयार गर्ने लगायतका काम गरिन्छ ।

**७ दिने सूचना जारी** : नियमित काम सम्पन्न भएपछि जग्गाधनीको नाम, जग्गाको क्षेत्रफल, कित्ता संख्या, कित्ता नं. लगायत बिवरणमा कुनै त्रुटी वा फरक परेको भए सच्याउनका लागि निबेदन पेश गर्न ७ दिने सुचना जारी हुन्छ । सो बिवरण उपर कोही कसैको चित्त नबुझेको भए निबेदन दिन सकिन्छ ।

**२१ दिने सूचना जारी** : ७ दिने सुचनामा चित्त नबुझेर निबेदन दिएका व्यक्तिहरुको नामावली सहितको सूचना प्रकाशित गरिन्छ । गाउँब्लक जग्गा दर्ता गर्दा सम्बन्धित व्यक्तिले फरक वा त्रुटी सच्याउन २८ दिनसम्म निबेदन दिन पाउने मान्यता अनुरुप ७ दिनको लागि पहिलो पटक र २१ दिनको लागि दोस्रो पटक सूचना लगाईन्छ र सो अवधीमा आएका निबेदनका आधारमा नापी हुँदाको बिवरणमा त्रुटी सच्याईन्छ ।

**जग्गा दर्ता र पुर्जा तयार** : दोस्रो पटक लगाएको सूचनाको अवधी समाप्त भएपछि जग्गा दर्ता प्रक्रिया खुल्छ । नापी भएको बिवरण अनुसार जग्गाको भोगचलन जनाउने प्रमाणहरु, नागरिकता, वडा कार्यालयको सिफारिसका आधारमा सम्बन्धित व्यक्तिको नाममा गाउँब्लक जग्गा दर्ता गरि पुर्जा तयार गरिन्छ ।

**पुर्जा बितरणका लागि स्वीकृति लिने** : पुर्जा तयार भईसकेपछि पुर्जा बितरणका लागि नापी बिभागबाट स्वीकृति लिनुपर्छ । सो कार्यका लागि बिभागीय चेकजाँच टोली आई नापी टोलीद्वारा तयार नक्सा तथा अन्य कागजात चेकजाँच पश्चात बिभागी अनुमति आवश्यक पर्छ ।

**पुर्जा बितरण** : बिभागको स्वीकृति आएपछि सम्बन्धित जग्गाधनीलाई नापी कार्यालयले पुर्जा बितरण गर्ने मिति र स्थान सहितको सूचना जारी गर्छ ।

**स्रेष्ता कार्यान्वयनका लागि मालपोतलाई हस्तान्तरण** : पुर्जा बितरणपश्चात त्यसको स्रेष्ता कार्यान्वयनका लागि नापी कार्यालयले मालपोत कार्यालयलाई श्रेष्ता कार्यान्वयन गरि दिन कागज पत्र हस्तान्तरण गर्छ । मालपोत कार्यालयले सो कागज पत्र आफ्नो अभिलेखमा राखी जग्गा कारोवारको बाटो खोलीदिन्छ । त्यसलाई स्रेष्ता कार्यान्वयन भनिन्छ ।

**३. गाउँब्लक जग्गा दर्ता नापी कार्यालय आफैले गर्न सक्छ या सरकारले आदेश, स्वीकृति आवश्यक पर्छ ?**

गाउँब्लक दर्ताका लागि मन्त्रालयबाट क्षेत्र तोकेर सूचना जारी गरेको हुन्छ । संघिय सरकारले गाउँब्लक जग्गा दर्ताका लागि आवश्यक कर्मचारी दरबन्दी र बजेट सहितको क्षेत्र तोकेपछि सम्बन्धित क्षेत्र हेर्ने नापी कायालयले गाउँब्लक जग्गा नापजाँच र दर्ता प्रक्रिया शुरु गर्छ ।

**४. सरकारले सूचना आदेश जारी नगरेको क्षेत्रमा गाउँब्लक जग्गा भए, त्यस्तो जग्गा दर्ता गराउन के गर्नुपर्छ ।**

त्यस्तो क्षेत्रको जग्गा दर्ताका लागि कुन ठाउँमा, कति जग्गा गाउँब्लक छ र त्यस्तो जग्गा नापी गर्न आवश्यक हुने बजेट र कर्मचारी संख्या समेत उल्लेख गरि बिभागीय आदेश प्राप्त हनुपर्छ । नेपाल सरकारले बजेट ल्याउनु भन्दा अगाडी मातहतका कार्यालयबाट योजना माग गर्ने समयमा पहल गर्न सकेमा यस्तो जग्गा दर्ता गराउन सहज हुन सक्छ । सरकारको आदेश बिना नापनक्सा गराउन सकिदैन । मिल्दैन ।

**५. गाउँब्लक जग्गा दर्ता प्रक्रियामा स्थानीय जनप्रतिनीधि र प्रदेश सरकारको भूमिका के हुन सक्छ ?**

जग्गा दर्ता प्रक्रियामा वडा कार्यालयको भूमिका प्रत्यक्ष नै रहन्छ । जग्गा दर्ताका लागि वडा कार्यालयले भोगचलनको सिफारिस गर्नु पर्ने हुन्छ । नापी कार्यालयले सुचना जारी गर्दा वडा कार्यालयसंग समन्वय गरिन्छ । कर्मचारी टोली र कर्मचारीलाई काम गर्न सहज बनाई दिने काम जनप्रतिनीधिको हो । गाउँब्लक जग्गा भित्र ब्यक्तिको जग्गाका साथै सरकारी सार्वजनिक जग्गा पनि हुन्छ । जस्तो त्यहाँ चौर, पोखरी, बिद्यालय, बाटोघाटो, स्वास्थ्य संस्थाका लागि छुट्याएको वा त्यसरी भोगचलन भएको जग्गा हुन सक्छ । त्यस्तो जग्गा पहिचान गरि ब्यक्तिको नाममा जान नदिने काम वडाका जनप्रतिनीधिको हो ।

पालिकाले आफ्नो क्षेत्र अन्तर्गतको गाउँब्लक जग्गा दर्ता गर्न नापी बिभाग वा नापी कार्यालयसंग समन्वय गरि योजना बनाउन सक्छ । कर्मचारी अभावले रोकिएका काम सम्पन्न गर्न बजेट व्यवस्थापन गर्न सक्छ । प्रदेश सरकारले त्यस्तो जग्गा समस्या समाधान गर्न स्थानीय तहसंग र संघिय सरकारबीच समन्वय गरि छिटो छरितो काम गर्ने वातावरण बनाउन सक्छ ।

**६. गाउँब्लक जग्गा दर्ता प्रक्रियामा समुदाय र नागरिक संगठनको भूमिका के हुन सक्छ ?**

समुदाय हरेक कामका लागि पहिलो आधार हो । गाउँब्लक जग्गाको स्पष्ट सिमाङ्कन, रेखाङ्कन हुँदैन । जे जति काम गरिन्छ । त्यो समुदायको लागि, उनीहरुको सहयोगमा गरिन्छ । सही र स्पष्ट सूचना दिन, बिवाद समाधान गर्न, समयमै निबेदन तथा भोगचलन खुल्ने प्रमाण पेश गर्न समुदायको सक्रियता र समझदारी आवश्यक हुन्छ । वडा कार्यालयले मात्र छानवीन गर्न नसकिएको अवस्थामा मुचुल्का बनाउन समुदायको सहयोग चाहिन्छ । समुदायले जति सहज वातावरण बनायो, त्यति नै छिटो जग्गा नापजाँच गर्न सकिन्छ ।

समुदायले गर्नु पर्ने काम र पेश गर्नुपर्ने प्रमाणबारे जागरुक गराउने, सहमति कायम गराउने, प्राबिधिक बिषयमा सचेतना बढाउने काम नागरिक संगठनले गर्न सक्छन । जग्गा दर्ता प्रक्रिया र कानुनी व्यवस्था बारे जानकारी गराउने । समयमै कर्मचारी र बजेट व्यवस्थापनबारे सरकारसंग समन्वयकारी भूमिका निर्वाह गर्ने, जग्गा दर्ता प्रक्रियाको बेला चाहिने आवश्यक डकुमेन्ट जुटाईदिने, विवाद मिलाई दिने काम नागरिक संगठनले गर्न सक्छन् । गाउँब्लक जग्गा भएको तर नापी हुन नसकेको ठाउँको अवस्थाबारे नापी कार्यालयमा जानकारी गराई बिभाग, मन्त्रालयबाट निर्णय गराउनका लागि नागरिक संस्थाले सहजीकरण गर्न सक्छन् ।

**७. गाउँब्लक जग्गा नापी गर्दा कुन महिनामा के गर्ने भन्ने समय बिभाजन गरिन्छ वा जतिबेला पनि नाप्न सकिन्छ ?**

जग्गा नापी गर्ने समय मंसिर देखि जेठ सम्म हो । यो अवधीमा जमिनमा बोटबिरुवा नभई खाली हुने भएकाले नापजाँच गर्न सजिलो हुन्छ । असार देखि कार्तिकसम्म अन्तरिक कामहरु नक्सा बनाउने, नक्सामा मसि भर्ने, श्रेष्ता तयार गर्ने काम गरिन्छ । यसबारे जग्गा नापजाँच तथा नक्सा स्रेष्ता अद्यावधिक सम्बन्धि निर्देशिका २०७३ मा उल्लेख छ ।।

**८. गाउँब्लक जग्गा नापी गर्दा लाभग्राहीले कुनै शुल्क तिर्नुपर्छ कि पर्दैन ?**

नापी कार्यालयले पुर्जा बितरण गर्दा रु. २५। शुल्क लिन्छ । त्यसको रसिद पनि दिईन्छ । अन्य शुल्क तिर्नु पर्दैन ।

**९. पुर्जा बितरण गरेपछि पनि कुनै समस्या आउन सक्छ ?**

पुर्जा बितरण गरेको देखि ३० दिन बाटोको म्याद सहित ३५ दिनसम्म कसैको चित्त नबुझेमा अदालतमा पुनरावेदन गर्न सक्छन् । त्यसपश्चात नापी कार्यालयले सबै जग्गाको स्रेष्ता मालपोत कार्यालयलाई हस्तान्तरण गरेपछि प्रक्रिया पुर्‍याएर कार्यान्वयन गरिदिनुपर्छ । बिभिन्न कारणले स्रेष्ता कार्यान्वयनमा ढिलाई भईरहेको छ ।

**१०. गाउँब्लक जग्गा नापी गर्न नापी कार्यालयले के कस्ता कठिनाई वा चुनौती ब्यहोर्नु परेको छ ।**

पहिलो कठिनाई-कर्मचारी संख्या कम छ । करारमा कर्मचारी नियुक्त गरिन्छ । गाउँब्लक जग्गा धेरै ठाउँमा छ । त्यसमा पनि समयमा बजेट निकाशा नहुँदा कर्मचारीले समयमा पारिश्रमिक लिन पाएका छैनन् । नापजाँचको क्रममा हुने बिवाद, असहमति पनि नापी कार्यालयका चुनौती हुन् । जग्गा सम्बन्धि बिवाद निरुपण गर्न गाउँब्लक निर्देशिका जारी तथा ऐनमा नै स्पष्ट ब्यवस्था गरिनुपर्छ । नयाँ प्रबिधिबाट नापनक्सा गर्नु आजको आवश्यक्ता हो ।

**११. गाउँब्लक जग्गा दर्ताका लागि स्थानीय तहले पनि केही गर्न सक्छ कि सक्दैन ?**

स्थानीय तह स्वतन्त्र सरकार हो । आफ्नो क्षेत्र अर्न्तगतको गाउँब्लक जग्गा नापी गर्नका लागि नापी बिभाग र भूमि ब्यवस्था सहकारी तथा गरिवी निवारण मन्त्रालयसंग समन्वय गरि प्राबिधिक कर्मचारी खटाउन बजेट बिनियोजन गर्न सक्छ । यसो भएमा धेरैले जग्गाको हक पाउन सक्छन् । सरकारले चालु आर्थिक वर्ष भित्रमा गाउँब्लक जग्गा नापी गरिसक्ने लक्ष्य लिएको थियो । त्यो पनि पुरा गर्न सहज हुन्थ्यो ।














प्रतिबेदन लेखन : पूर्ण बहादुर सुनार

सम्पादन : नरी राम लोहार